**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन व्यवस्थापन विभागको**

## अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना

**(मिति : २०८०/१०/२३)**

यस बैंकमा रिक्त रहेका देहायबमोजिमका पदमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/१०/२३ गते देखि मिति २०८०/११/०८ गतेसम्म अनलाइन दरखास्त फारम पेश गर्न आह्वान गरिएको छ । दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ । दरखास्त दस्तुर भुक्तानी नभएका वा रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | १२१/२०८० | सवारी चालक | ९ | आठ कक्षा उत्तीर्ण | नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारका निकायमा कम्तीमा १० वर्ष सवारी चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको ।<br>नेपाल सरकारको सम्बन्धित निकायबाट कार, जिप र डेलिभरी भ्यानको चालक अनुमतिपत्र प्राप्त गरी नवीकरण भएको अवस्थामा रहेको । |

**अन्य विवरण**

१. उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष ननाघेको

२. उम्मेदवारको छनोट विधि : लिखित परीक्षा, प्रयोगात्मक तथा अन्तर्वार्ता । (दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा प्रयोगात्मक र अन्तर्वार्ता परीक्षामात्र हुनेछ ।)

३. स्वीकृत नामावली प्रकाशन : बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने ।

४. परीक्षा कार्यक्रम प्रकाशन : बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने ।

५. करार सम्झौता अवधि : करार सम्झौताको अवधि ६ महिनाको हुनेछ ।

६. पारिश्रमिक तथा अन्य सुविधा : बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

७. काम गर्नुपर्ने कार्यालय : आवश्यकता अनुसार खटाउन सकिने ।

८. सेवा सम्बन्धी शर्त : दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

९. अनलाईन दरखास्त पेश गर्ने तरीका : यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ ।

| | | |
|---|---|---|
| १०. परीक्षा दस्तुर | : | रु.८००।- (रीत नपुगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।) |
| ११. परीक्षा दस्तुर बुझाउने प्रक्रिया | : | अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेका भुक्तानी सेवा प्रदायक मार्फत् बुझाउन सकिनेछ । |
| १२. दरखास्त दिने अन्तिम मिति | : | २०८०/११/०८ |

नोटः

क) सबै पदको परीक्षा कार्यक्रम (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता) काठमाडौंमा सञ्चालन हुनेछ ।

ख) दरखास्त दिने उम्मेदवारको फोटो हालसालै खिचिएको हुनुपर्ने छ ।

ग) दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको मानव संसाधन व्यवस्थापन विभाग बालुवाटार, फोन नं. ०१-५७१९६४१, ०१-५७१९६४२, ०१-५७१९६४३, ०१-५७१९६५३, ०१-५७१९६५९ एक्स्टेनसन नं. १३८ वा १४६ वा ०१-५७१९६१२ मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

घ) यो सूचना तथा उपरोक्त पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

.....................

**उप-निर्देशक**

**तथा**

**सदस्य सचिव-पदपूर्ति उपसमिति**

नेपाल राष्ट्र बैंक
मानव संसाधन व्यवस्थापन विभाग